**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

**प्रेस विज्ञप्ति - २१ माघ २०६२**

.

## ओएचसिएचआर-नेपाल थुनुवाहरूको रिहाइको लागि आह्वान गर्दछ

शान्तिपूर्ण रूपले आफ्नो राजनीतिक अभिमत व्यक्त गरेबापत सार्वजनिक सुरक्षा (सासु) ऐनअन्तर्गत थुनामा राखिएका सबै थुनुवाहरूको रिहाइका लागि ओएचसिएचआर-नेपालले आज आह्वान गरेको छ। गृहमन्त्री कमल थापालाई लेखिएको एक पत्रमा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रतिनिधि इयान मार्टिनले भन्नु भएको छ :

"यीमध्ये बहुसङ्ख्यक व्यक्तिहरूलाई शान्तिपूर्वक भेला हुने वा आफ्नो राजनीतिक अभिमत जाहेर गर्ने स्वतन्त्रताको अधिकारको अभ्यास गरेबापत पक्राउ गरिएको देखिन्छ। हिंसामा संलग्न नभएकाहरूको तत्काल र विनाशर्त रिहाइ सुनिश्चित गर्न म तपाईंको मन्त्रालयलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत थुनिएका सबै मुद्दाको तत्काल समीक्षा गर्न आग्रह गर्दछु। "

सात राजनीतिक दल तथा नागरिक समाज सङ्गठनहरूद्वारा भएका विरोध कार्यक्रमहरूको सन्दर्भमा देशभरि सार्वजनिक सुरक्षा (सासु) ऐनअन्तर्गत ८०० भन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको ओएचसिएचआर-नेपाललाई थाहा हुन आएको छ। यसले गृहमन्त्रालयलाई हाल सासु ऐनअन्तर्गत थुनामा रहेकाहरू तथा थुनुवा केन्द्रहरूको पूर्ण सूचि उपलब्ध गराउन अनुरोध गरेको थियो। वर्तमान सन्दर्भमा सासु ऐनअन्तर्गत थुनाको आदेश दिने अधिकारको प्रयोग सम्बन्धमा प्रजिअहरूलाई कस्ता निर्देशन दिइएका छन् तथा अन्तर्राष्ट्रिय रूपले प्रत्याभूत गरिएका अभिव्यक्ति, शान्तिपूर्ण रूपले भेला हुने तथा सङ्गठन गर्ने स्वतन्त्रताका अधिकारहरूको सम्मान गर्ने नेपालका दायित्वहरूसँग यी आदेशहरू कसरी मेल खान्छन् भनी ओएचसिएचआर-नेपालले प्रश्न उठाएको छ।

तानसेन आक्रमणमा बन्दी बनाइएका प्रमुख जिल्ला अधिकारी लक्ष्मण कुमार थापा तथा अन्य सबै सर्वसाधारणहरूको तत्काल रिहाइका लागि पनि ओएचसिएचआर-नेपालले नेकपा (माओवादी)को नेतृत्वलाई चिठी लेखेको छ। साथसाथै, पक्राउ गरिएका सुरक्षाफौजका सदस्यहरूलाई पूर्ण रूपले अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार व्यवहार गर्न पनि आग्रह गरिएको छ। कुनै पनि निर्दोष व्यक्ति, राजनीतिक कार्यकर्ता वा चुनावी उम्मेदवारहरूलाई भौतिक कारबाही गर्ने पार्टीको आम नीति नरहेको तथा यस प्रकृतिका घटनाहरूको छानबिन भइरहेको भनी नेकपा (माओवादी)का प्रवक्ता कृष्णबहादुर महराले जारी गर्नुभएको वक्तव्यको पनि उच्चायोग स्वागत गर्दछ। ओएचसिएचआर-नेपाल यस्ता अनुसन्धानका निष्कर्षहरू तथा गरिएका कारबाहीहरू सार्वजनिक गर्न आग्रह गर्दछ।

नगरनिर्वाचनको मिति नजिकिँदै जाँदा उच्चायोग शान्तिपूर्वक भेला हुने तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारको सम्मान गर्न राज्य अधिकारीहरूलाई पुनः अनुरोध गर्दछ। निर्वाचन बहिष्कारको पक्षमा रहेकाहरूलाई पनि आफ्ना कार्य शान्तिपूर्वक तथा अर्काको अधिकारको सम्मान गर्दै गर्न र बन्द वा अन्य विरोध कार्यक्रमहरूमा मानिसलाई भाग लिन जबरजस्ती नगर्न उच्चायोग आग्रह गर्दछ।

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal**
**Tel.: 428 0164 (Ext. 321); Mobile: 98510 14263; or Email: kdwyer.ohchr@undp.org**